# राजर्षिजनक विश्वविद्यालय

## जनकपुरधाम, धनुषा

प्रथम पटक प्रकाशित मिति: २०७७/०४/१२

विषय: सुरक्षा गार्ड सेवा करारमा लिने बारे सूचना।

यस विश्वविद्यालयको केन्द्रीय कार्यालय तथा अन्य निकायहरुमा आ.व. २०७७/०७८ कालागि केही सुरक्षा गार्ड सेवा करारमा लिने आवश्यकता भएकाले इच्छुक रजिष्टर्ड फर्महरुबाट यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय खुलेको समयमा रीतपूर्वकको शिलबन्दी दरभाउपत्र (प्रस्ताव पत्र) दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पत्र साथ फर्म दर्ता प्रमाणपत्र, आयकर चुक्ता प्रमाण पत्र, फर्म नवीकरण भएको पत्र, भ्याट दर्ता प्रमाणपत्र, अन्य आवश्यक प्रमाण पत्रहरुको प्रतिलिपि तथा सेवाको दररेट समेत सेवा प्रदायक संस्था कम्पनीको उल्लेख गरी आवेदन शुल्क वापत रु. १०००।- (एक हजार मात्र) फिर्ता नहुने गरि यस केन्द्रीय कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पिडारी शाखामा रहेको च.हि.नं. १५२०००२२८१०१ मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी शिलबन्दी दरभाउपत्र (प्रस्ताव पत्र) यस विश्वविद्यालय केन्द्रीय कार्यालयको सामान्य प्रशासन शाखामा दर्ता गर्नु पर्नेछ। रीत नपुगेको म्याद नाघी प्राप्त भएका प्रस्ताव पत्र उपर कुनै कारवाही हुने छैन। दर्ता भएका शिलबन्दी दरभाउपत्र (प्रस्ताव पत्र) मिति २०७७/०४/२७ गते दिउँसो २ बजे प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभएता पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। यस सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा सामान्य प्रशासन शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

सम्पर्क: ९८४४०५८५८६

रजिष्ट्रार

रजिष्ट्रार
राजर्षि जनक विश्वविद्यालय
जनकपुरधाम